# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १४ कार्तिक २०८०

# मङ्गलवार

# बैठक सङ्ख्या- ४६

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १७:१८ बजे प्रारम्भ भयो ।

(१७:२० बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म विधेयक प्रस्तुतकर्ता माननीय सदस्य प्रकाश पन्थलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१७:२१ बजे) <u>**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१७:२२ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ ।

(१७:२३ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, भर्खरै "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि छलफल गरियोस्" भनेर जसरी प्रस्ताव राख्नु चाहिँ भो' र यो विधेयक ल्याउनुका पछाडिका कारणहरू सरकारी योगदान दिने सार्वजनिक पदाधिकारीहरू राष्ट्रिय जीवनमा योगदान गरेका अतिविशिष्ट व्यक्तिहरू र विशिष्ट व्यक्तिहरूको लागि एउटा पदाधिकारीहरूलाई सम्बोधन गर्ने राष्ट्रिय झन्डाको प्रयोग कसरी गर्ने, राष्ट्रिय गानको प्रयोग कसरी गर्ने र अतिविशिष्ट र विशिष्ट व्यक्तिहरूलाई सम्मान प्रकट गर्ने सलामी दिने यावत् विषयहरूलाई समेटेर यी विधेयक प्रस्तुत चाहिँ भ'को छ । यसअघि व्यवस्था गरिएको विभिन्न फरक स्रोतहरूमा छरिएर रहेको कहिले निर्देशिका जारी हुने, कहिले गृहमन्त्रालयद्वारा राजपत्रमा प्रकाशित गरेर, सूचना प्रकाशित गरेर त्यसअनुसार गर्नुपर्ने र कहिले नेपाल सरकार र नेपाल सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेअनुरूप हुने, यो खालका अन्योलता भइसकेपछि ती अन्योलताले अलिकति समस्या जन्माएको थियो र ती सबै विषयहरूलाई,

अन्तरसम्बन्धित विषयहरूलाई ऐनद्वारा नै प्रबन्ध गर्नुपर्ने महसुस गरेर राष्ट्रिय सभाका माननीयज्यूहरूले सर्वसम्मत ढङ्गले राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सबै दलबाट रहनुभएका माननीयज्यूहरूले आपसी छलफल चाहिँ गरेर यो विधेयकको रूपमा प्रस्तुत भ'को छ । र प्रस्तुत विधेयक विधायन व्यवस्थापन समितिद्वारा दफावार छलफलसमेत भएर अहिले यो विधेयक हामी छलफल गरिरहेका छौं । र यो विधेयकमा जम्मा ३० ओटा दफाहरू रहेका चाहिँ छन् । अनुसूची- ४ ओटा चाहिँ व्यवस्था गरिएको छ र परिच्छेद ८ ओटा रहेका छन् । र यो विधेयकमा २८ ओटा बुँदा राखेर व्याख्यात्मक टिप्पणी गरिएको चाहिँ छ । यो विधेयक आइसकेपछि निश्चय पनि विगतका अन्योलताहरूलाई यसले चिर्ने प्रयत्न गरेको छ र हामीले यी मैले अघि भनेका विषयहरूलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा अब प्रष्ट हुने चाहिँ छ र सधैं हामी अन्योलतामा रहने छैनौं भन्ने कुरा राख्न चाहन्छु । समय निकै छोटो चाहिँ भएकोले गर्दाखेरि मैले आफ्नो धेरै भनाइ राख्न चाहिँ चाहिनँ ।

२०७९ साल चैत ५ गते दर्ता भएको यो विधेयक आज चाहिँ विधेयकको रूपमा हामी समितिको प्रतिवेदनसहित हामी छलफलमा जो उपस्थित भ'का छौं । र नेकपा एमालेको तर्फबाट पनि यो विधेयकप्रति पूर्ण समर्थन चाहिँ गर्दै यो विधेयकमा प्रस्तुत गर्नुहुने गोपी बहादुर सार्की आछामी, माननीय देवेन्द्र दाहाल, माननीय प्रकाश पन्थ, माननीय प्रमिला कुमारी, माननीय बेदुराम भुसाल, माननीय रमेशजंग रायमाझी, माननीय शेखर कुमार सिंहसहितको समर्थनमा र यो राष्ट्रिय सभामा रहेका सबै माननीयज्यूहरूको समर्थनमा यो विधेयक गैरसरकारी विधेयकको रूपमा हामीले प्रस्तुत गरेका चाहिँ छौं । र यो विधेयक आइसकेपछि, पास भइसकेपछि यसले नेपाल सरकारलाई पूर्ण रूपमा सहयोग गर्ने चाहिँ छ । र यही कुराहरू राख्दै यो विधेयकको फेरि पनि नेकपा एमालेको तर्फबाट, दलको तर्फबाट पूर्ण समर्थन रहेको कुरा विश्वास गराउँदै आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य युवराज शर्मा ।

(१७:२६ बजे) **<u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्षज्यू, प्रस्तुत राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ राष्ट्रिय सभामै उत्पत्ति भएको र विधायन व्यवस्थापन समितिमा गहन छलफलसमेत भइसकेकोले यस विधेयकलाई म स्वयम् पनि, मेरो स्वयम् पनि पूर्ण समर्थन छ । राष्ट्रिय सभाको आजको यस बैठकद्वारा स्वीकृत गरिने छ भन्ने

आशासमेत गरेको छु । त्यस्तै सम्मानित प्रतिनिधि सभाबाट पनि राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ पारित हुने छ भन्ने आशा र अपेक्षासमेत गरेको छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गोपी बहादुर सार्की आछामी ।

(१७:२६ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, हामीले "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" २०७९ चैत ५ गते राष्ट्रिय सभामा टेबुल गरेका थियौं । र त्यो टेबुल भइसकेपछि देशव्यापी रूपमा एउटा खालको चाहिँ तरङ्ग पैदा भएको थियो । त्यसपछि विधायन व्यवस्थापन समितिमा गयो र विधायन व्यवस्थापन समितिमा व्यापक रूपमा छलफल भइसकेपछि अहिले हामी आज यो टेबुल गरिराखेका छौं र यो पास गर्ने क्रममा छ । यसमा सबै राष्ट्रिय राजनीतिक पार्टीहरू, जो राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सबै दलको चाहिँ एक मतले अगाडि बढाइएको र यो राष्ट्रिय सभामा उत्पन्न भएको चाहिँ विधेयक राष्ट्रिय महत्त्वका सबै क्षेत्र र चाहिँ राष्ट्रिय झन्डा, राष्ट्रिय गान सबैलाई व्यवस्थित गर्नको निम्ति बनाइएको र यो भइसकेपछि अब नेपाल सरकारलाई पनि यसले सहज हुने मैले विश्वास लिएको छु र म मेरो आफ्नो पार्टीको तर्फबाट चाहिँ यसलाई समर्थन गर्दै पारित गर्नको निम्ति आग्रह गर्दछु । हस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे ।

(१७:२८ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" एक वर्ष अगाडि राष्ट्रिय सभामा उत्पत्ति भएको हो । राष्ट्रिय सभामा उत्पत्ति भइसकेसी चरणबद्ध रूपमा धेरै छलफलहरू यसको भएको छ र राष्ट्रिय सभाको पनि यसले एउटा गरिमा बोकेको छ । र यो राष्ट्रिय मर्यादासम्बन्धी विधेयक एउटा राष्ट्रिय सभाबाट पास हुने नै छ । र प्रतिनिधि सभाले पनि यसलाई एउटा आफ्नो स्वामित्व ग्रहण गरेर सरकारको एउटा दस्ताबेज बन्ने छ । र यो नबन्दाखेरि के भयो त भन्ने पनि छ कतिपयलाई तर हामीले गहन रूपमा यसलाई लिएका छौं । र यसले तहगत जुन संरचनाहरू निर्माण भए । तहगत संरचनाहरूमा कतिपय बेलाबखतमा यसले अन्योलता सिर्जना गऱ्यो । त्यसैले गर्दा यो अन्योलता अन्त्य गर्नको निम्ति र सबैले स्वामित्व

ग्रहण गर्नको निम्ति यसलाई हामीले समर्थन गरेका छौं । त्यसैले गर्दा म र हाम्रो पार्टीको तर्फबाट पनि यो दस्तावेजलाई पूर्ण रूपमा समर्थन गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा ।

(१७:२९ बजे) **<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज यो लामो छलफल र बहसपछि राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ यहाँ पारित गर्नको लागि हामी यहाँ छलफलमा छौं । र विगतमा राष्ट्रिय मर्यादासम्बन्धी कुराहरू पूर्ववक्ता माननीयज्यूहरूले पनि राखिसक्नुभो', धेरै अन्योलताहरू थिए । धेरै समस्या र कठिनाइहरू थिए । त्यसलाई एक ठाउँमा ल्याउनुपर्ने र त्यसलाई परिमार्जन गर्नुपर्ने आवश्यकता थियो र यो ठिक विषय ठिक समयमा परिमार्जन भएको छ । र लाग्छ, अहिले विभिन्न तहमा छलफल भएर यो तयार भएको छ यो विधेयक, हुन सक्छ यही नै अन्तिम हो भन्ने त हुन नसक्ला । केही चिजहरू पछि, केही समस्याहरू रहेछन् भने त्यसलाई फेरि पनि परिमार्जन गर्न सकिने कुरा रह्यो । अहिलेको हकमा यो धेरै मेहनत र छलफल बहसपछि यो रूपमा यहाँ आएको छ । यसलाई मैले समर्थन गर्छु । र यो पारित होस् भन्ने कुरा पनि चाहन्छु । धन्यवाद ।

(१७:३१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म विधेयक प्रस्तुतकर्ता माननीय सदस्य प्रकाश पन्थलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१७:३२ बजे) **<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" माथि विधायन समितिबाट पनि यहाँ आइसकेर यस माथि पनि छलफलहरू भएको छ । माननीय सदस्यहरूबाट यसमा थप, यो ठिक छ, राम्रो छ, यसको अवश्यकता थियो, यसको औचित्य थियो भन्ने कुराहरू माननीयहरूज्यूबाट पनि आइसकेको हुनाले यो धेरै ठिक छ भन्ने कुरा यसले आफैंमा पनि त्यो अर्थहरू राख्छ । यो पहिला पनि

विधेयकको रूपमा नआउँदाखेरि पनि लामो छलफलहरू यसमा भएर, त्यो भन्दा पनि अगाडि अझ धेरै यो विभिन्न मर्यादाको विषयहरूमा, मानसम्मानको विषयहरूमा थुप्रै कुराहरू पहिला पनि मार्केटहरूमा अरु थुप्रै ठाउँमा थुप्रै तरिकाले बहसहरू भइसके पछाडि अब यो आवश्यकता छ भन्ने कुराको छलफलहरू राष्ट्रिय सभामै पनि विभिन्न माननीयज्यूहरूले विभिन्न समयमा यहीँ पनि उठेको विषयहरू थियो यीनिहरू । समितिहरूमा पनि यो विषयहरू ठाउँमा उठिरहेकै विषयहरू थियो। र ठाउँ ठाउँमा यसको थुप्रै अप्ठ्याराहरू पनि हामीले महसुस गरेका थियौं । त्यसको पृष्ठभूमिमा अनि फेरि यो चाहिँ आएको हो । र सँगसँगै अरु के थियो भन्दाखेरि अब यो सरकारी एवं सार्वजनिक पदाधिकारीको विषयहरूमा राष्ट्रिय जीवनमा योगदान गरेका विशिष्ट व्यक्तिहरूको मर्यादाक्रमका विषयहरूमा र तिनीहरूलाई गरिने सम्बोधनका विषयहरूमा पनि अन्योलग्रस्त नै थियो । राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोगको विषयमा पनि त्यति स्पष्ट चाहिँ थिएन । र अतिविशिष्ट व्यक्तिहरूलाई गर्ने सम्मान प्रकट गर्ने कुराहरू, तिनीहरूलाई सलामी गर्ने कुराहरू, सलामीको विषयमा पनि विभिन्न टीकाटिप्पणीहरू आइसकेपछि त्यो विषयलाई पनि हामीले यसमा समेटेको हो । त्यो सबै एक अर्कामा अन्तरसम्बन्धित छन् । र हामीले राष्ट्रिय पोसाकसम्बन्धी छुट्टै विधेयक बनायौं । र फेरि सपथसम्बन्धी छुट्टै विधेयक बनाइसके पछाडि यो पनि आवश्यक छ । यी सबै कुराहरू एक अर्कामा अन्तरसम्बन्धित छ भन्ने कुराहरूको एउटा महसुस भएपछि, त्यसको आवश्यकता महसुस भएपछि हामीले यसलाई चाहिँ सर्वदलीयरूपमा, सर्वपक्षीयरूपमा सबैले यसलाई सहमति गरेर राष्ट्रिय सभा सिङ्गै नै हामी सबै दलहरू एकै ठाउँमा उभिएर नै यसलाई हामीले अगाडि बढाएको स्थिति थियो । त्यसभन्दा अगाडि गृह मन्त्रालयले विभिन्न सूचनाहरू जारी गरेर, राजपत्रहरू छापेर, cabinet हरूले निर्णय गरेर अनेकौं तरिकाहरूबाट यसको व्यवस्थाहरू गर्दै आएको कुराहरू हामीले देखिआएको कुराहरू हो । यो सबै कुराहरूलाई मिलाउनको लागि, यसको सबै अन्योलताहरूलाई अन्त्य गर्नकोलागि एउटा कानुन छुट्टै आवश्यक नै छ भन्ने हामीले महसुस भए पछाडि त्यसको प्रबन्धको लागि चाहिँ यो विधेयक तर्जुमा गरेको कुरा स्पष्ट नै भइसक्या छ । हामीले यो विधायन समितिमा र त्यसभन्दा अगाडि पनि विभिन्न सरोकारवालाहरूको चासोहरू हामीले सुनेकै छौं । त्यो चिन्ता, त्यो सुझावलाई मध्यनजर गरेर विधायन व्यवस्थापन समितिमा ती सबै विषयहरुलाई हामीले छलफल गरेर यसलाई अझ समृद्ध बनाउने कोसिसहरू हामीले विधायन समितिमा पनि गऱ्यौं । अनि फेरि यसको अर्को message के हो भन्दाखेरि संघीय संसद माथिल्लो सभा, सदन, यो राष्ट्रिय सभा चाहिँ विधि निर्माण र कानुन निर्माणको क्रममा चाहिँ सधैं एक ढिक्का छ, एकै ठाउँमा छ । राष्ट्रिय विषयहरूमा एकै ठाउँमा उभिन्छ राष्ट्रिय सभा भन्ने एउटा message पनि यो विधेयकले दिएको स्थिति छ । र यो विधेयकलाई हामीले सही रूपमा अगाडि बढाउन सफल भएर आज यहाँसम्म पनि हामी

आइसकेको स्थिति हो। र कानुन निर्माण सांसदहरूको मुख्य काम हो । सांसदहरू आफैंले पनि देशलाई आवश्यक पर्ने कानुन बनाउन सक्छन्, विधेयकहरू ल्याउन सक्छन्, छलफल गर्न सक्छन्, सरकारले ढिलासुस्ती गऱ्यो भने पनि सांसदहरू आफैं पनि सक्रिय हुन सक्छन् भन्ने एउटा सन्देश पनि यो विधेयकले दिने छ । यो गैरसरकारी विधेयकको रूपमा यहाँ प्रस्तुत भएर, यहाँसम्म आएर आज यहाँबाट पारित भइसकेपछि यो आफैंमा पनि एउटा ऐतिहासिक र सुखद पक्ष पनि यो हुनेछ । सबैले चाहिँ सांदहरूले गर्नुपर्ने कार्यहरू सांसदको creativity मा विधेयकमा पनि सांसदहरू कार्य गर्न सक्छन् भन्ने कुराको एउटा message पनि अवश्य दिने छ । राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सबै दलहरूको सहमतिमा यो विधेयक अगाडि बढेको हुनाले राष्ट्रिय सभाले चाहिँ कानुन निर्माणको विषयमा, यो कानुन निर्माणको मूल मुद्दामा, यो माथिल्लो सदनको Upper House एक ढिक्का छ भन्ने सन्देश पनि यसले दिने नै छ। यसका अतिरिक्त अरु थुप्रै टीकाटिप्पणीहरू हुनसक्छ, अरु थुप्रै कमी कमजोरी हुन नि सक्छ । हाम्रो कोसिस, प्रयास हो यो । अब यसमा केही बाँकी छ भने पनि फेरि विधेयक, ऐन कानुन त सधैंभरि जहिले पनि संशोधन गर्न सकिने विषयबस्तु भएको हुनाले, त्यो संबैधानिक सुविधा पनि भएको हुनाले, ती विषयलाई पनि फेरि क्रमशः समेट्दै जान सकिने स्थितिहरू छँदै छ । त्यो ढोकाहरू खुल्ला छँदै छ । माननीयज्यूहरूले यसलाई साथ, समर्थन, सहयोग गर्नुभएकै छ । हामी सबै यसमा सँगसँगै पनि छौं । यहाँहरूको अघि छलफलको क्रममा पाँच जना माननीयज्यूहरू आफ्नो धारणा राखुभएको छ । समर्थन गर्नु भएको छ । यहाँहरू सबैप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

(१७:३६ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म, "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ७ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ७ सम्म उल्लिखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ७ सम्म उल्लिखित संशोधनहरू "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ७ सम्म उल्लिखित संशोधनहरू सर्वसम्मतिले "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु । माननीय सदस्यहरू, अब म, विधेयकको दफा २ देखि ३० सम्म र सोसँग सम्बन्धित अनुसूची १ देखि ४ सम्म "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको दफा २ देखि ३० सम्म र सोसँग सम्बन्धित अनुसूची १ देखि ४ सम्म सर्वसम्मतिले "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

<u>**प्रस्तावनाः**</u> सरकारी एवं सार्वजनिक पदाधिकारी र राष्ट्रिय जीवनमा योगदान गरेका विशिष्ट व्यक्तिहरूको मर्यादाक्रम निर्धारण गर्न, अतिविशिष्ट तथा विशिष्ट व्यक्तिहरूलाई गरिने सम्बोधन निर्धारण गर्न तथा राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोगका साथै अतिविशिष्ट, विशिष्ट व्यक्तिलाई सम्मान प्रकट गर्ने तथा सलामी दिने जस्ता राष्ट्रिय मर्यादाका विषयलाई व्यवस्थित र मर्यादित बनाउन वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "राष्ट्रिय मर्यादासम्बन्धी ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म, विधेयक प्रस्तुतकर्ता माननीय सदस्य प्रकाश पन्थलाई "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१७:३९ बजे) **<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>:-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१७:३९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८० साल कार्तिक १६ गते बिहीवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ । धन्यवाद ।

(तदनन्तर, अर्को बैठक २०८० साल कार्तिक १६ गते बिहीवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १७:४० बजे ।**